


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ७५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत १६ गते बुधबार ❑ 30 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## कांग्रेसले स्थानीय अवस्था र आवश्यकताअनुरूप चुनावी तालमेल गर्ने

**रासस**
**काठमाडौं, १५ चैत**

नेपाली कांग्रेसले आसन्न स्थानीय तहको निर्वाचनमा स्थानीय अवस्था र आवश्यकताअनुरुप सत्ता गठबन्धनमा रहेका अन्य दलसँग चुनावी तालमेल गर्नसक्ने नीतिगत निर्णय गरेको छ ।

कांग्रेस केन्द्रीय कार्यसमितिको मंगलबार सम्पन्न बैठकले निर्वाचनमा बहुसङ्ख्यक स्थानीय तहमा कांग्रेस विजयी हुने बलियो परिस्थिति र आधार बनेको अवस्थालाई अझै सबल र व्यापक बनाउन सो निर्णय गरेको जनाएको छ । स्थानीय तहको उम्मेदवार चयन गर्न पार्टीको विधानमा उल्लेखित प्रावधान र प्रक्रियाअनुरूप कार्य अघि बढाइने पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवाको अध्यक्षतामा यही चैत ११ गतेदेखि पार्टी केन्द्रीय कार्यालय सानेपामा प्रारम्भ बैठकमा महामन्त्री गगनकुमार थापाले निर्णयार्थ प्रस्तुत गर्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भएको हो ।

बैठकले गत फागुन ३ गते सम्पन्न कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले गरेका निर्णयहरू अनुमोदन गर्नुका साथै विधानबमोजिम देशव्यापीरूपमा कांग्रेसको सदस्यता र क्रियाशील सदस्यता वितरण प्रारम्भ गर्नेसमेत निर्णय गरेको उहाँले बताउनुभयो । बैठकले उपसभापति पूर्णबहादुर खड्काको संयोजकत्वमा 'स्थानीय तह निर्वाचन केन्द्रीय परिचालन समिति' र केन्द्रीय सदस्य एवं प्रवक्ता डा प्रकाशशरण महतको संयोजकत्वमा 'स्थानीय तह निर्वाचन केन्द्रीय प्रचार-प्रसार समिति' गठन गरेको छ ।

कांग्रेसले संविधान निर्माण, कार्यान्वयन र संविधानको रक्षाका सन्दर्भमा प्रस्तुत गरेको सफल नेतृत्व, देश विकास र समृद्धिको यात्रामा प्रस्तुत गरिरहेको जिम्मेवार शैली, कोरोना महामारीबाट जनताको जीवन रक्षा गर्न लिएको पहलकदमी एवं वैदेशिक सम्बन्धमा सन्तुलित र परिपक्व भूमिकालगायतका कारण बहुसङ्ख्यक स्थानीय तहमा कांग्रेस विजयी बन्ने बलियो आधार र परिस्थिति निर्माण भइसकेको निष्कर्ष निकालेको छ । यसैक्रममा पार्टीले सञ्चालन गरेको स्थानीय तह निर्वाचन केन्द्रित 'घरघर जाऔँ, कांग्रेस जिताऔँ' अभियानले पार्टीको विजयको आधारलाई थप व्यापक र मजबुत बनाउँदै लगेको बैठकमा समीक्षा भएको छ । यो परिस्थितिमा अझै थप उत्साहसाथ निर्वाचन अभियानमा जुट्न कांग्रेसले सम्पूर्ण पार्टी पङ्क्तिलाई अपिल गरेको छ ।

## संघीयता मजबुत पार्न प्रदेशलाई अधिकार र स्रोत देऊ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ चैत**



गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले संघीयतालाई मजबुत पार्न प्रदेश सरकारलाई स्रोत र साधनयुक्त बनाउनुपर्ने भन्दै यहाँका सम्भावित उद्योगहरुको सञ्चालनमा संघ सरकारको ध्यानाकर्षण गराएका छन् ।

मंगलबार काठमाडौंमा प्रधानमन्त्री शेरबहादुर देउवाको अध्यक्षतामा बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको ४९ औं बैठक मुख्यमन्त्री पोखरेलले विकास निर्माण अन्य क्षेत्रमा झेल्नु परेका समस्याहरु उठान गरेका छन् ।

प्रदेश विकास समस्या समाधान समितिको बैठकबाट राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गर्न निर्णय भएका विषयहरुलाई नै मुख्यमन्त्री पोखरेलले प्रधानमन्त्रीसहित अन्य प्रदेशका मुख्यमन्त्री सम्मिलित बैठकमा राखेका हुन् । अलपत्र अवस्थामा रहेको गोरखकाली रबर उद्योग सञ्चालनको प्रदेश सरकारलाई दिन उनले माग गरे । 'कुन मोडलमा सञ्चालन गर्ने हो, त्यसको तयारी हामी गर्छौं, यति धेरै सम्भावना रहेको उद्योगलाई अलपत्र अवस्थामा छाड्नु हुँदैन ।' गैंडाकोटको भृकुटी कागज कारखानाले ओगटेको जग्गालाई सदुपयोग गर्न समेत उनले ध्यानाकर्षण गराएका छन् । उक्त कारखानाको जग्गामा व्यक्तिको नाममा भए पनि त्यहाँ मेडिकल कलेज वा आइटी सेन्टर सञ्चालनको सम्भावना रहेको उनले उल्लेख गरे ।

बागलुङ जिल्लामा बनाउने भनिएको जलाशययुक्त उत्तरगंगा जलविद्युत आयोजनालाई तत्काल अगाडि बढाउन समेत उनले आग्रह गरेका छन् । नेपालमा रहेका अरु आयोजनाभन्दा निकै सस्तोदरमा बन्ने उक्त परियोजनालाई प्राथमिकतामा राख्न उनले प्रधानमन्त्रीको ध्यानाकर्षण गराए । जग्गा उपलब्ध हुन नसक्दा योजना सञ्चालन हुन नसकेको भन्दै उनले जग्गा प्राप्तीमा देखिएको उल्झन अन्त्य गर्न समेत माग गरे । जग्गाको अभावमा प्रदेश शिशु स्याहार केन्द्र, बहुसांस्कृतिक ग्राम, प्रदेशस्तरीय विज्ञान प्रविधि प्रयोगशाला, अपांगता ग्राम निर्माण, गण्डकी विश्वविद्यालय, शिक्षण अस्पताल, विपी स्मृति ग्राम, औद्योगिक क्षेत्रहरु लगायतका आयोजना प्रभावित भएको उनले उल्लेख गरे ।

केही संघीय कानुनहरुले अवरोध सिर्जना गर्दा प्रदेशस्तरका आयोजनाकार्यान्वयनमा जटिलता देखिएको उनले बताए । वन ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन लगायतका कानुनलाई संघीयताको भावना अनुसार संशोधन र परिमार्जनका लागि उनले आग्रह गरेका छन् ।

प्रदेशमा रहेका र स्थापना हुने ठूला उद्योग व्यवसाय दर्ता र नवीकरणका लागि प्रदेशस्तरमा सम्बन्धित निकाय नहुँदा कठिनाई भोग्नुपरेको उनले सुनाएका छन् । कम्पनी रजिष्ट्रारको कार्यालय प्रदेशमा स्थापना गर्नको लागि नीतिगत, कानुनी छलफल

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## न्यायिक समितिको महासङ्घ गठनसहित १४ बुँदे घोषणापत्र

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ चैत**

पोखरामा सम्पन्न न्यायिक समितिको राष्ट्रिय सम्मेलनले न्यायिक समिति महासङ्घ गठनसहित १४ बुँदे घोषणापत्र जारी गरेको छ ।

सम्मेलनका अवसरमा न्यायिक समिति महासङ्घ गठन गरी सो मार्फत आगामी दिनमा न्यायिक समितिका अनुभव साझेदारी गर्ने तथा संविधान र ऐनको प्रभावकारी कार्यान्वयन गर्ने सिलसिलामा आयोजक संस्था पोखरा महानगरपालिका न्यायिक समितिका संयोजक मञ्जुदेवी गुरुङको संयोजकत्वमा महासङ्घ गठन गरिएको हो ।

११ सदस्यीय महासङ्घका सदस्यमा इन्दिरा कार्की विराटनगर महानगरपालिका, मञ्जु भण्डारी सुवेदी धरान उपमहानगरपालिका, बिमला कुमारी शर्मा धुलिखेल नगरपालिका, मञ्जु अधिकारी प्यासी फलेवास नगरपालिका, शारदा शर्मा विष्ट कञ्चनपुर पुर्नवास नगरपालिका, चन्द्रकला शाही सिम्ता गाउँपालिका, लक्ष्मी खनाल रिब्दीकोट गाउँपालिका, दुर्गाप्रसाद राय, मधेश प्रदेश सवैला नगरपालिका धनुषा, लीला थापा राना, जैमीनी नगरपालिका र रवीन्द्रकुमार खाती ईन्द्रावती गाउँपालिका रहनुभएको छ । सम्मेलनले १४ बुँदे पोखरा घोषणापत्र जारी गर्दै न्यायिक समितिका कामलाई प्रभावकारी बनाउनका लागि ऐनमा रहेका विभिन्न प्रावधान परिमार्जन गर्न माग गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पालिका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतलाई नक्शापास लगायतका विषयमा न्यायिक अधिकार प्रदान गरेको उल्लेख गर्दै घोषणापत्रमा अधिकारक्षेत्र बाहिरका विषयमा ठाडो उजुरी प्रमुख वा अध्यक्षको आदेशमा दर्ता हुने अभ्यासले काममा दोहोरोपना, हस्तक्षेप र दबाब महसुस हुने गरेकोले एकद्वार प्रणालीमार्फत न्यायिक समितिबाट निर्धारित रीत र ढाँचा बमोजिम उजुरी दर्ता गर्ने तथा न्याय सम्पादन गर्ने गरी कानुनी प्रबन्ध गर्न ऐन संशोधनका लागि माग गरिएको छ । स्थानीय तहमा बसाइँसराइ वा अन्य जिल्लाबाट आई व्यक्तिगत बसोबास गरेका व्यक्ति न्यायिक समिति समक्ष पहुँचमा पुग्न नसकेको उल्लेख गर्दै घोषणापत्रमा विपक्षी वा प्रतिवादी बसोबास गरेको वा निवेदकले बसोबास गरेको पालिकाबाट न्यायिक समितिको सेवा लिनसक्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा परिमार्जन गर्न अनुरोध गरिएको छ । संविधानको अनुसूची(८ मा उल्लिखित "अपाङ्ग र अशक्तको व्यवस्थापनको अधिकार" को प्रचलन गर्ने कानुनी व्यवस्थाका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) अन्तर्गत न्यायिक समितिको अधिकारक्षेत्रभित्र समावेश गर्न माग गरिएको छ । न्यायिक समितिबाट हुने न्यायिक निरुपणसम्बन्धी निर्णयको कार्यान्वयनमा चुनौती रहेको भन्दै घोषणपत्रमा उक्त निर्णयहरू उपर कुनै पुनरावेदन परी वा नपरी अन्तिम किनारा भएका निर्णयको कार्यान्वयनलाई बाध्यकारी बनाउने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गर्न सरकार समक्ष माग गरिएको छ ।

## शनिबारदेखि चल्ने भयो जनकपुरमा रेल

**रासस**
**काठमाडौं, १५ चैत**

निर्माण सम्पन्न भएको लामो समयसम्म पनि सञ्चालनमा आउन नसकेको जनकपुर-जयनगर रेलमार्गको यही चैत १९ गते शनिबार उद्घाटन हुने भएको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवा र उहाँका भारतीय समकक्षी नरेन्द्र मोदीले संयुक्तरूपमा सो रेलमार्गको उद्घाटन गर्ने कार्यक्रम तय भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ ।

दुवै देशका प्रधानमन्त्रीले नयाँ दिल्लीबाट संयुक्तरूपमा श्रव्यदृश्यका माध्यमबाट रेल सवाको उद्घाटन गर्न लाग्नुभएको मन्त्रालयले जनाएको छ । जनकपुरमा आयोजना हुने कार्यक्रममा भने भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवको प्रमुख आथित्यता रहने रेल विभागका महानिर्देशक दीपकुमार भट्टराईले जानकारी दिनुभयो । रेल सञ्चालनका लागि सरकारले यही चैत ८ गते अध्यादेशमार्फत आवश्यक कानूनी प्रबन्ध गरेको छ । विसं २०७५ मा नै रेलमार्ग निर्माण सकिएको भए पनि कानूनी तथा प्राविधिक जटिलताका कारण

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## 'राजनीति सेवा हो, पेसाका होइन'

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ चैत**


गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले सरकारबाट प्राप्त हुने आफ्नो पारिश्रमिकलगायतका सबै सुविधा सामाजिक कार्यमा खर्च गर्नुभएको छ ।

विसं २०७७ माघ देखि विसं २०७८ फागुन मसान्तसम्म उहाँले बैठकभत्ता, मासिक पारिश्रमिक र अन्य सुविधाबापत सरकारबाट प्राप्त भएको रु १३ लाख ६६ हजार ३६० मा थप गरी कूल रु १४ लाख ८६ हजार ९०७ सामाजिक कार्य र विकास निर्माणमा खर्च गरेको जानकारी दिनुभयो । नेपाल प्रेस युनियन कास्की शाखाले आज पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले राजनीतिलाई आर्थिक उपार्जन गर्ने भन्दा पनि निस्वार्थ रूपमा जनताको सेवामा लगानुपर्दछ भनेर सरकारी सुविधा जनताको हितमा लगाएको बताउनुभयो । उहाँले निर्वाचित हुनुअघिनै राज्यबाट पाउने सेवा सुविधा समाजको हितमा लगाउने जानकारी दिनुभयो ।




उहाँले भन्नुभयो," राजनीति मेरा लागि सेवा हो, पेसाका रूपमा लिएको छैन । व्यापार, व्यवसाय र अन्य आर्थिक स्रोतले मेरो जीविकोपार्जनलाई समस्या छैन । राजनीतिमा लागेर आर्थिक उपार्जन गर्ने भन्दा पनि जनताको सेवा गर्नु मेरो ध्येय हो, निर्वाचित भएदेखिनै त्यसमा प्रतिबद्ध छु ।"

मन्त्री थापाले विसं २०७४ मा प्रदेशसभा सदस्यमा निर्वाचित भएदेखिनै सुविधाको रकम बिरामीको उपचार सहयोग, स्वास्थ्य सामग्री र दलित बस्तीमा खानेपानी लगायतका कार्यमा लगाउनुभएको छ । वर्सेनि उहाँले आफूले पाएको रकम सार्वजनिक गर्दै समेत आउनुभएको छ । उहाँले प्रदेशको समृद्धि र विकासका लागि सरकारको जिम्मेवार सदस्यका रूपमा प्रतिबद्ध रहेको समेत उल्लेख गर्नुभयो । मन्त्री थापाले यसवर्ष पोखरा महानगरपालिका-८, ११, १६ र वडा नं ९(शान्तिघाट)मा सडकबत्ती, फोकस लाइटर खरिदका लागि रु एक लाख ४२ हजार ७५० खर्च गर्नुभएको छ । यसैगरी वडा नं ११, १६, २०, २१, २४ र ३३ मा तारजाली र पाइप खरिदमा रु दुई लाख ५६ हजार, पोखरा वडा नं ८ र ९ विभिन्न टोल र स्थानमा सडक बत्तीका लागि र एक लाख २४ हजार, पोखरा-१६ तुम्के गल्र्याङमा खानेपानी पाइप सहयोगमा रु ६५ हजार, पोखरा-३३ को उपल्लोपूँडी, तल्लोपुँडी, आँपुकसेरी, चिसापानी लगायतका स्थानमा खेलकूद सामग्रीका लागि रु ६७ हजार ५०० लगायतका अन्य संस्था तथा व्यक्तिलाई आर्थिक सहयोग गरिएको मन्त्री थापाले जानकारी दिनुभयो । उहाँ विसं २०७४ मा सम्पन्न प्रदेशसभा निर्वाचनमा नेपाली कांग्रेस पार्टीका तर्फबाट कास्की प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं २ को प्रदेशसभा निर्वाचन क्षेत्र नं २ बाट विजयी हुनुभएको हो ।



# सुकुम्वासीवस्तिमा प्रभावकारी बन्दै पूर्वाधार विकास योजना

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ चैत**

सानो रकमले पनि जनताका साझा आवश्यकता पुरा गर्न सकिन्छ भन्ने यहाँको एक सुकुम्वासी वस्तीका वासिन्दा उदाहरणीय बनेका छन् ।

पोखरा महानगरपालिका वडा नं. १५ पट्नेरीस्थित सुकुम्वासी वस्ती बीचको बाटो ढलान गरेपछि सो क्षेत्रका वासिन्दाले यतिखेर केही हदसम्म भएपनि सुविधा सहित सुरक्षाको अनुभूति गरेका हुन ।

निर्वाचन क्षेत्र पूर्वाधार विकास योजना गण्डकी प्रदेशको तीन लाख रुपैया सहित साढे पाँच लाख रुपैयाको लागतमा नाला र सात मिटर चौढाईको ६० मिटर लम्वाई बाटो ढलान गरेको योजनाको स्थलगत



अनुगममा पुग्नु भएका गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्मा समक्ष स्थानीय वसिन्दाले बताए । पूर्वाधार विकास योजना अन्तर्गतका २९ लाख रुपैया बराबरका बिभिन्न सातवटा योजनाको स्थलगत अनुगमन गर्दै उहाँले उपभोक्ताको सकृयतामा भएका विकास निर्माण तोकिएको समय र गुणस्तरीय हुने विश्वास व्यक्त गर्नुभयो । यस क्षेत्रमा खानेपानी, सडक निर्माणसंगै अन्य आवश्यकता परिपूर्तिका लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै उपसभामुख शर्माले भन्नुभयो त्यसका लागि स्थानीय वासिन्दाहरु संगठित भएर लाग्नु अपरिहार्य छ । प्रदेश सभा सदस्य कृष्ण थापा र उपसभामुख शर्माको निर्वाचन क्षेत्र पूर्वाधार विकास योजनाको आठ लाख रुपैयाबाट उक्त योजना सहित ढुङ्गेसाँघुचोक सडकमा कल्भर्ड र टुटुङ्गामा नाला निर्माण कार्य सम्पन्न गरिएको उपभोक्ता समितिका अध्यक्ष मुक्तिलाल गुरुङले जानकारी दिनुभयो । टुटुङ्गादेखि परोपकार महासंघको आश्रम हुँदै पटनेरीको वस्तिसम्म पुग्ने बाटो र ढल निर्माण नहुँदा प्रत्येक बर्षाको मौसममा वस्ती उच्च जोखिममा पर्दै गरेको बताउँदै उहाँले प्राकृतिक श्रोत भएर पनि कतिपय घरमा अहिलेसम्म खानेपानीको सुविधा पुग्न नसकेको गुनासो गर्नुभयो ।

भेलामा उपस्थित स्थानीय वासिन्दाले खुशी हुँदै भने जोखिमपूर्ण कच्चि भिरालो बाटो ढलान भएपछि आवतजावतमा सुविधा पुग्नुको साथै दुर्घटनामा समेत कमी आएको छ ।

# स्याङ्जामा ठूलो परिणाममा काठ बरामद

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १५ चैत**

स्याङ्जाको चापाकोट नगरपालिकाबाट प्रहरीले ठूलो परिणाममा सालको काठ बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायव उपरीक्षक राजेन्द्र प्रसाद अधिकारीले दिएको जानकारी अनुसार चापाकोट नगरपालिका ६ घारापानीबाट प्रहरी चौकी साँखरबाट खटिएको टोलीले ठूलो परिणाममा सालको काठ बरामद गरेको हो ।

रोकी राखेको ग १ त २६५०



नम्बरको ट्र्याक्टर चेकजाँच गर्ने क्रममा ३४ थान चिरान ५३.८१ क्युफिट काठ फेला पारेको प्रहरीले जनाएको छ ।

प्रहरीले फेला परेको काठ र ट्र्याक्टरलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि सब- डिभिजन कार्यालय चापाकोटमा बुझाएको प्रहरीले जनाएको छ ।

# काहुँखोला महिला सहकारीमा तरकारी तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ चैत**

पोखरा महानगरपालिका वडा नं १३ स्थित काहुँखोला महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाको आयोजनामा तीन दिने वेमौसमी तरकारी खेती तालिम मंगलवार सम्पन्न भयो ।

आइतवारदेखि सुरु भएको तालिममा सहकारीले आफ्ना शेयर सदस्य महिलाहरुको आय आर्जनमा पहुँच पुराउने उद्देश्यले तालिम संचलालन गरिएको हो । काहुँखोला महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाका



उपाध्यक्ष सिता कुमारी श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा जनकल्याण समितिका उपाध्यक्ष विष्णु कार्की, कार्यक्रम संयोजक इश्वरी वराल लगायत वोलेको कार्यक्रममा संगिता वराल र ज्योति गौतमले संचलान गरेका थिए ।

## शनिबारदेखि...

लामो समयसम्म रेल सञ्चालनको मिति तय हुन सकेको थिएन । कूल ३५ किलोमिटर लामो सो रेलमार्गमा चल्ने रेलका अन्तरदेशीय प्रकृतिको ब्रोडगेज हो । मन्त्रालयका अनुसार २०७७ असोज पहिलो साता जनकपुर आइपुगेको रेल सञ्चालन गर्नेबारेमा यसअघि ठोस निर्णय हुन सकेको थिएन । सरकारले सबै करसहित रु एक अर्ब तीन करोड बराबर खर्च गरेको रेल सञ्चालनमा नआउँदा रेलका लिकमा राखिएका सामानसमेत चोरी भएका थिए । जनकपुरमा रेल आइपुगेको १७ महिनापछि सञ्चालन हुन लागेको हो । सरकारले रेलको भाडासमेत तय गरेको छ । सामान्य सिटमा यात्रा गर्नेलाई रु ७० र वातानुकूलित (एसी) सिटमा यात्रा गर्नेलाई रु ३०० बराबरको भाडा लाग्ने गरी दुई प्रकारको भाडा तय भएको छ । यस्तै रेल दुर्घटनमा परी कोही कसैको ज्यान गएको खण्डमा रु सात लाखसम्म क्षतिपूर्ति दिइने व्यवस्थासमेत रेल्वे अध्यादेशमा गरिएको छ । गत फागुनदेखि नै दैनिक एक पटक रेल सञ्चालन गर्रिंदै आएको थियो । सबै प्राविधिक तयारी पूरा भएको र कर्मचारीसमेत नियुक्त भई काममा खटिइसकेको नेपाल रेल्वे कम्पनीले जनाएको छ ।

## संघीयता...

अगाडि बढाउन उनले नेपाल सरकारको ध्यानाकर्षण गराएका छन् । संघीय विनियोजन ऐनको कारण प्रदेश सरकारले नेपाल सरकारका इकाईहरुलाई सिधै बजेट अख्तियारी प्रदान गरी कामकाज गराउन कठिनाई भएको उनले सुनाए । संघीय निजामती सेवा ऐन तर्जुमा नहुँदा प्रदेश निजामती सेवा ऐन तर्जुमा गर्न असहज भएको समेत उनले सुनाएका छन् । जसका कारण कर्मचारीको वृत्तिविकास रोकिएको, निवृत्तभरण र उपदान दिने प्रबन्ध गर्न नसकिएको, अन्य सेवा सुविधा लगायत समग्र कर्मचारी व्यवस्थापन गर्न असहज भएको उनले बैठकमा उठाए । प्रदेश सरकारको आम्दानीको स्रोत (वित्तीय हस्तान्तरण र आन्तरिक आय) न्यून रहेकोले प्रदेश सरकारलाई स्रोत व्यवस्थापन गर्न कठिनाई भएको मुख्यमन्त्रीले बताए । ठूला आयोजनाहरु प्रदेशको मातहतमा आए पनि त्यसका लागि बजेट नआएको भन्दै उनले वार्षिक बजेट बनाउन समेत मन खुम्च्याउनु पर्ने अवस्था रहेको गुनासो प्रधानमन्त्री सामु गरे । उनले भने, 'स्रोत सुनिश्चित भएर काम भइसकेका बहुवर्षे योजनाको समेत रकम भुक्तानी हुन सकेको छैन । ठेकेदारहरुले प्रदेश सरकार घेर्न सक्ने अवस्था छ ।'

प्रत्येक ४ महिनामा बस्नुपर्ने यो बैठक प्रधानमन्त्रीमा शेरबहादुर देउवा नियुक्त भएपछि पहिलोपटक बसेको हो । बैठकमा कर्णालीवाहेक सबै प्रदेशका मुख्यमन्त्री सहभागी थिए ।

# पोखरा-१३ मा समाजवादीको मुक्ति संगठन गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ चैत**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को जनवर्गीय संगठन ने.द.मुक्ति संगठन कास्कीले पोखरा-१३ मा आफ्नो संगठन विस्तार गरेको छ ।

मंगलबार भएको वडा भेलाले समाजसेवी नर बहादुर सुनारको अध्यक्षतामा २१ सदस्यीय कार्य समिति गठन गरेको छ । उक्त भेलाले उपाध्यक्षमा निर्मल सुनार, सचिवमा मिना सुनार, कोषाध्यक्षमा वम बहादुर सुनार, उपसचिवमा टुक बहादुर रसाइली, सदस्यहरुमा तारा वि.क., जमुना नेपाली, मैता नेपाली, चन्द्रा नेपाली, मनिषा सुनार, पार्वती वि.क., तिलकुमारी सुनार, प्रेम कुमार सुनार, जौमाया सुनार, राधा सुनार आदि चयन भएका छन् ।

उक्त भेलामा पार्टीका पोलिटब्यूरो सदस्य श्रीनाथ बरालले प्रमुख अतिथिको आसनबाट बोल्दै समाजवादी पार्टीले समृद्ध नेपाल सुखी नेपालीको नारालाई सार्थक बनाउनको लागि समाजमा रहेका सबै खाले विभेद र विसंगतीलाई हटाउनु पर्नेमा जोड दिनुभयो ।

मुक्ति कार्यक्रममा विशेष अतिथि मुक्ति संगठनका केन्द्रीय सदस्य एवं कास्कीका अध्यक्ष एल.बि. घतानेले नेपालको संविधानले जातिय विभेदको अन्त्य गरेता पनि यो समाजमा हामीले शिर उचो पारेर बाँच्न पाउने अधिकार केवल कागजमा मात्र सिमित भएको भन्दै हामी हाम्रो हक अधिकारलाई



स्थापित गर्नको निम्ति संगठित भएर संघर्ष गर्नुपर्ने बताउनुभयो ।

पार्टी वडा कमिटिका १३ का अध्यक्ष जीत बहादुरको अध्यक्षतामा भएको उक्त कार्यक्रममा पार्टी जिल्ला कमिटिका सदस्य काशीनाथ अधिकारी, माहानगर सदस्य प्रदिप भुजेलले शुभकामना मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको संचालन मिना सुनारले गर्नु भएको थियो ।

# नेपाल र मलेसियाबीच ११ बुँदे समझदारीपत्रमा हस्ताक्षर

**रासस**
**काठमाडौं, १५ चैत**

राष्ट्रिय मानवअधिकार आयोग नेपाल र मानव अधिकार आयोग मलेसिया (सुहाकाम) बीच दुवै देशमा रहेका आप्रवासी श्रमिकको मानवअधिकार संरक्षण सम्बन्धमा ११ बुँदे समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

आयोगका अध्यक्ष तपबहादुर मगर र मानवअधिकार आयोग मलेसियाका अध्यक्ष ओथमान बिन हासिम उपस्थितिमा सोमबार मलेसियामा आयोजित समारोहमा समझदारीपत्रमा हस्ताक्षर भएको आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले जानकारी दिनुभयो । उक्त समझदारीपत्रको अवधि दुई वर्षको हुनेछ ।


## ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं ।
- सडक बत्ति हेरेर मात्र बाटो काटौं ।
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ नगरौ ।
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ गरौं ।
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं ।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# पत्रकारले गौरव गर्ने दिन

नागरिक संस्था मध्येको जेठो संस्था नेपाल पत्रकार महासंघ ६७ वर्षमा प्रवेश गरेको छ। बीस २०१२ साल चैत १६ गते स्थापना दिवस र संस्थापक सभापति कृष्णप्रसाद भट्टराईलाई मान्न थालिएको छ। केहीले २००८ सालमा नेपाल पत्रकार संघ गठन भएको जिकिर गरेका छन । इतिहासकार गृष्म बहादुर देवकोटाको किताबमा र प्रकृति अधिकारीको शोधपत्रमा २००८ सालमा स्थापना भएको उल्लेख छ। नेपाली पत्रकार महासंघले २०१२ साल चैत्र १६ गतेलाई स्थापना दिवस मान्न थालेको पनि धेरै वर्ष भएको छानेपालमा नागरिक अधिकारका लागि पत्रकारले संगठित तरिकाले आवाज उठाएको करिब सात दशक पुग्न लाग्दा पनि आधुनिक युगमा पनि नागरिक अधिकार र अभिब्यक्ति स्वतन्त्रताको पक्षमा आवाज उठाउनु परेको छ। स्थापनाकालमा उठाइएका नागरिक अधिकार, प्रेस स्वतन्त्रता, पत्रकारको हक हित र पत्रकारिताको विकासका मुद्दा कायमै छ। कृष्णप्रसाद भट्टराईका अनुयायी, लोकतन्त्रको लागि स्थापना भएको पार्टीको नेतृत्वमा सत्ता संचालन हुँदा पनि अवस्थामा आमूल परिवर्तन आउन नसक्नु विडम्बना हो। पत्रकारिता स्वतन्त्र हुनुपर्छ, नागरिकको अधिकारका मुरा र पत्रकारको हकहितका मुद्दा राजनीतिक शक्तिका आधारमा उठाउन थालिएको छ।

पत्रकारको पेसागत संगठनको नेतृत्व दलका नेताले तोकिदिने चलन बढेर गएको छापत्रकारले कस्तो नीति बनाउने र त्यो नीति कार्यान्वयन गर्न कस्तो नेतृत्व भन्ने बहस हुनुपर्ने हो। सरकारमा जुन दलहरु छन तिनका भातृसंस्थाका मात्र पत्रकार महासंघको नेतृत्वमा छन।सत्ताको छायामा पत्रकार महासंघ पुगेको छानागरिकको अधिकार र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति लड्नुपर्नेमा विपक्षीप्रति लड्ने कामको अगुवाइ पत्रकारकचुनावले गरेको हो। अहिले पत्रकारका अवसर र चुनौतीका बारेमा चर्चा कम हुने गरेको छा। । पत्रकारका समस्या र पत्रकारिताको विकासका कुरा अझै परिस्कृत रुपमा उठाउनु पर्ने खाचो भएको छ। नेपालको हरेक नागरिक/प्रजातान्त्रिक आन्दोलनमा पत्रकार हरुको प्रतिनिधिमुलक संस्था नेपाल पत्रकार संघ हालको महासंघले सक्रिय भएर लागेको इतिहास छ। राजनीतिक दलहरुलाई समेत आन्दोलनमा लाग्न घचघच्याउने काम प्रेसले गरेको हो। लोकतान्त्रिक आन्दोलनको नेतृत्व दलहरुले नै गरे।

आन्दोलनमा पत्रकारहरुले खेलेको भुमिकाको राजनैतिक दल र नागरिक समाजले मुक्त कष्ठ प्रशंसा गर्ने गर्दछन्। प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा विघटनको विरोधमा प्रेसले सशक्त भुमिका खेलेको हो। विपक्षमा रहेका बेला पत्रकार र संचार माध्यमले अन्ध समर्थन गरेका हुन। राजनीतिक दल विपक्षमा हुँदा पत्रकार र पत्रकारिताको समस्यामा बोल्ने सत्तामा पुगेपछि बेवास्ता गर्ने गरेका छन। गरेका कामको पनि जस लिन नसक्ने परिस्थिति बनाएका छन। नेपाली उखान खोलो तर्‍यो लौरो बिर्स्यो भने झैं पत्रकारका समस्या बिर्सने गरेका छन्। मैनबत्ती आफै जलेर अरुलाई उज्यालो दिएझै पत्रकारहरु भोको पेटले नागरीकको आवाज दिने गरेका छन्। मर्यादित र व्यावसायिक पत्रकारिताको लागि राज्य र निजी संचारगृहले पत्रकारलाई सहयोग गर्न सकेको छैन। पत्रकारले भौतिक र पेशागत सुरक्षाका लागि सडकमा आवाज उठाउँदै आएका छन्। कोभिड-१९ पछि पत्रकारलाई निस्कासन, तलब नदिने, कटौती गर्ने काम भए। दुखको बेला राहत दिनुपर्नेमा आहात पार्ने काम भयो। जनतालाई सचेत र जागरुक बनाउनुपर्ने बेला जागिरबाट हटाउने, तलब घटाउने, नदिने काम हुँदा सरकार पनि पत्रकारको पक्षमा बोल्न सकेको थिएन। राजनीतिक दल पनि थाहै नपाएको जस्तो गरे।

आधुनिक मुलुकको पत्रकारिता क्षेत्रमा हासिल गरेको उपलब्धिका बारेमा वहस गर्नुपर्ने बेलामा पुरानै कुरा दोहोर्‍याउनु परेको छ। राज्य र संचारगृह पत्रकारका हकहित प्रति उदासीन रहेको प्रमाण एउटै मुद्धा उठाइरहनु हो। सिंहदरबारमा केन्द्रीत रहेको अधिकार स्थानीय तहसम्म पुगेको छ। तर सिंहदरबारमा बस्नेको जस्तै व्यवहार गर्न थालेका छन्। आफुलाई सिंहदरबारको शासक जस्तो ठान्ने प्रवृत्ति बढेको छ। पत्रकारलाई राज्यले संबोधन गर्ला आर्थिक विकास र समृद्धिको बाटोमा हिडाउन प्रेसको महत्वपूर्ण भुमिका रहन्छ। नेपाललाई आधुनिक विश्वसँग एकाकार गराउन प्रेस स्वतन्त्रताको ग्यारेन्टी र पत्रकारको पेशागत र भौतिक सुरक्षा आवश्यक छ। पत्रकारको छाता संगठन नेपाल पत्रकार महासंघको झण्डामुनि मुलुकभर र संसारभर छरिएर रहेका नेपाली पत्रकारको अधिकार र स्वतन्त्रताको लागि पेशाप्रति ईमान्दार र सक्षम ब्यक्ति आवश्यक छ। सत्ताको दास बनेर झर्ला र खाउँला भनेर बस्ने काम पत्रकार र पत्रकार महासंघको होइन। नागरिकको अधिकार, रोजेको प्रतिनिधि चुन्न पाउने अधिकार सुरक्षित गर्ने, निर्वाचन स्वतन्त्र निष्पक्ष भयरहित वातावरण बनाउन भुमिका खेल्ने अवसरलाई सदुपयोग गर्नुपर्छ। स्थापना दिवसको अवसरमा सबैलाई पत्रकार महासंघको इतिहास, अहिलेको जिम्मेवारी र नेपाली जनताले सधैं सम्झने नागरिक संस्था बनाउने प्रेरणा मिलोस सबैमा शुभकामना।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : अप्रत्यसित लाभ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : मानसिक तनाब |
| ककर्ट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# 'योग्य जनप्रतिनिधि निर्वाचित गर्न सके मात्र गाउँको विकास'

**पोखरापत्र संवाददाता**
**पर्वत, १५ चैत**

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले आगामी स्थानीय तहको निर्वाचनमा योग्य र सक्षम उम्मेदवारलाई विजयी गराउनुपर्ने बताउनुभएको छ।

गाउँठाउँको परिवर्तन र विकास गर्न सक्ने व्यक्तिलाई छान्ने अधिकार नागरिकलाई भएकाले आफ्नो विवेक प्रयोग गर्न उहाँले मतदातालाई सुझाव दिनुभयो। मोदी गाउँपालिका-३ देउरालीमा निर्मित स्वास्थ्य चौकी र हिमालय माविको नवनिर्मित भवन उद्घाटन गर्दै अध्यक्ष तिमिल्सिनाले विगतको कामको मूल्याङ्कन गरेर प्रतिनिधि छनौट गर्नुपर्नेमा जोड दिनुभयो। विकास निर्माणका काममा सबै पक्ष एकजुट हुनुपर्ने उल्लेख गर्दै उहाँले विकास निर्माणमा राजनीति गर्न नहुने बताउनुभयो। जनप्रतिनिधिले समग्र जिल्लाको विकासमा केन्द्रित भएर काम गर्नुपर्नेमा अध्यक्ष तिमिल्सिनाले जोड दिनुभयो। कार्यक्रममा सांसद पदम गिरीले समेत आफ्नो धारणा राख्नुभएको थियो।

# चन्दा उठाएर डोजर

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १५ चैत**

म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जाका वासिन्दाले चन्दा सङ्कलन गरेर डोजर किनेका छन्।

गाउँमा सडक पुर्‍याउन गुर्जा विकास मञ्चको पहलमा चन्दा सङ्कलन गरेर चुरेन कन्ट्रक्सन प्रालिको नाममा डोजर किनेका हुन्। मञ्चका सचिव प्रेम छन्त्यालले कम्पनीले खरिद गरेको डोजर परिचालन गरेर धवलागिरि गाउँपालिकाको केन्द्रदेखि वडा नम्बर २ हुँदै गुर्जा जोड्ने सडक अन्तर्गत महतला भिरमा मार्ग खोलिएको बताउनुभयो।

"स्वदेश तथा विदेशमा रहेका गुर्जावासीले सडक निर्माणका लागि चन्दा सङ्कलन गरेर डोजर किनेका हौं," उहाँले भन्नुभयो "हालसम्म करिब रु ७०/७५ लाख सङ्कलन जुटिसकेको छ।" गुर्जा घर भई हाल पोखरामा बस्नुहुने भारतीय गोर्खा सैनिकका सेवा निवृत्त क्याप्टेन लालबहादुर छन्त्यालको अध्यक्षतामा रहेको मञ्चले सडक निर्माणका लागि आर्थिक स्रोत जुटाउन समन्वय गरिरहेको छ। म्याग्दीका छ वटा स्थानीय तहका ४५ मध्ये गुर्जा मात्रै सडक नपुगेको वडा हो। धवलागिरि गाउँपालिका-२ लुलाङदेखि गुर्जा पुग्न तीन हजार ३०० मिटर अग्लो देउरालीडाँडा पार गरेर भीर, जङ्गल र खोल्साको पैदलमार्गमा पूरै दिन हिँड्नुपर्छ। २६५ घरधुरी छन्त्याल र दलित समुदायको बसोबास रहेको गुर्जाका बासिन्दा गम्भीर अवस्थाको बिरामी पर्दा बिरामीलाई हेलिकप्टर चार्टर गरेर, स्ट्रेचर र डोकामा बोकेर अस्पताल लैजानुपर्छ। पछिल्लो एक वर्षमा अस्पताल जान हेलिकप्टर चार्टर गर्न मात्र गुर्जावासीले करिब रु ४० लाख खर्चेको मञ्चका सचिव छन्त्याल बताउनुहुन्छ।

खच्चर र भरियालाई पिँठ्युमा बोकाएर सामग्री ढुवानी गर्नुपर्छ। महतलादेखि गुर्जाको प्रतिकिलो ढुवानी शुल्क रु २२ तिर्नुपर्छ। विपन्न र शारीरिक अशक्त गाउँपालिका र जिल्ला सदरमुकाम पुग्न नसकेका सरकारी सेवा सुविधाबाट वञ्चित भएका छन्। आलु, जडीबुटी र पशुजन्य वस्तु निकासी गर्न समस्या भएको छ। लोत्ता, पुवा, चोयालगायत वनपैदावार जङ्गलमा कुहिएर खेर गएको छ। महँगो ढुवानीका कारण विकास आयोजनाको लागत बढेर कार्यान्वयनमा समस्या भएको स्थानीयवासी गोर्खाबहादुर छन्त्यालले बताउनुभयो। गुर्जा र लुलाङ तथा बागलुङको ढोरपाटन क्षेत्रलाई गाउँपालिकाको केन्द्र मुनासँग जोड्ने मुना-लुलाङ सडक अन्तर्गत पर्ने महतला भिरमा दुई वर्षको प्रयासमा गत पुस महिनामा करिब एक सय मिटर सडकको मार्ग खुलेको थियो। पूर्वाधार विकास कार्यालय म्याग्दीले दरवाङ-बिम-भारवाङ-ताकम-मुना-लुलाङ-गुर्जा सडक आयोजना अन्तर्गत महतला भिरमा सडक निर्माणका लागि २०७६ पुसमा बिएन कन्ट्रक्सनले रु ७८ लाख ९९ हजार ३१० मा ठेक्का लिएको थियो। विसं २०७७ चैतदेखि सहायक निर्माण व्यवसायीको रूपमा काम थालेको चुरेन कन्ट्रक्सनको डोजरले महतलाको भिरमा मार्ग खोलिएको हो। चट्टान काटेर मार्ग खोलिएको सडकको ग्रेड मिलाउने र फराकिलो बनाएर यातायातका साधन चल्न योग्य बनाउने काम भइरहेको छ। महतलादेखि लुलाङ हुँदै गुर्जातर्फ जाने सडक खोरिया, लमसुङ र लुलाङका बासिन्दाको विवादले निर्माण हुनसकेको छैन्। विवादित भूगोललाई छोडेर लुलाङदेखि देउराली हुँदै गुर्जा जोड्ने १० किलोमिटर सडकको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारिएको गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले जानकारी दिनुभयो। धवलागिरि गाउँपालिकाले रु चार लाख खर्चेर बनाएको डिपिआर अनुसार सो सडक निर्माणका लागि रु ४७ करोड ८७ लाख लगानी आवश्यक पर्छ।

"वडा र पालिकाको बजेटबाट सम्भव नहुने भएपछि डिपिआर बनाएर सङ्घ र प्रदेश सरकारमा योजना प्रस्ताव गर्ने तयारीमा छौं,"वडाध्यक्ष छन्त्यालले भन्नुभयो, "गुर्जावासीले आफै डोजर खरिद गरेर सडक निर्माणमा अग्रसर भएपछि बजेट व्यवस्थापनमा दबाब परेको छ।" सरकारले इन्धन र चालकको तलब भत्ताको व्यवस्था गरेमा डोजर परिचालन गरेर सडक खन्ने गुर्जा विकास मञ्चका पदाधिकारीको भनाइ छ। विसं २०७४ मा भूगर्वविद् र प्राविधिक टोलीले लुलाङ र गुर्जा जोड्ने सुरुङमार्गको सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारिए पनि महँगो लागत जुटाउन नसकेपछि सडक निर्माण योजनालाई अघि बढाइएको छ। गुर्जातर्फबाट मजदूर परिचालन गरेर देउरालीदेखि वनामसम्म दुई किलोमिटर आन्तरिक सडक निर्माण भएको छ।

# नेकपा एमाले वडा कमिटिको गणतान्त्रिक टोल कमिटि गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ चैत**



नेकपा एमाले वडा कमिटिको आयोजनामा गणतान्त्रिक टोल कमिटि मंगलवार गठन गरेको छ।

कार्यक्रममा प्रमुख अतिथि नेकपा एमाले कास्की सदस्य एवं वडा ईन्चार्ज गोपि तुलाचनले व्यानरमा हस्ताक्षर गरि उद्धाटन गर्दै नेकपा एमाले रचनात्मक सृजनात्मक कार्यले जनतामा स्थापित रहेको बताउदै आउने स्थानिय तहको निर्वाचनमा एमाले पहिलो पार्टि हुने वताए। कार्यक्रममा नेकपा एमाले पोखरा नगर कमिटि सचिवालय सदस्य कमल श्रेष्ठले टोलटोलमा घरघरमा नेकपा एमालेको जनमुखि कार्यक्रमको वारेमा भनाई राख्दै नेकपा एमाले पोखरा ९ लाई स्थापित गर्न दरो संग लाग्ने वताए।

नेकपा एमाले पोखरा महानगर सदस्य तथा वडा ईन्चार्ज प्रकाश शर्माले स्थानिय तहको निर्वाचनमा मतदाताहरूले नेकपा एमालेको चुनाव चिन्ह सुर्यमा मतदान गर्न आतुर रहेको वताउदै एमालेले सुकुम्वासीहरूको समस्या समाधन गर्ने वताए। भेलाले कृष्ण परियार अध्यक्ष चयन गरेको छ।

गणतान्त्रिक टोल कमिटिका उपाध्यक्षमा सरस्वति नेपाली सचिवमा अन्जु नेपाली, सहसचिवमा वुद्धि वहादुर श्रेष्ठ, सदस्य संगिता दर्जि, प्रेम वहादुर पुन मगर, संजय चौधरि, कमला परियार, मन वहादुर पुन, सन्त वहादुर सुनार, नारायण परियार र लक्ष्मि परियार सदस्यमा चयन भएका छन्।

कार्यक्रममा वडा कमिटि अध्यक्ष प्रेम गुरूङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपसचिव सरू श्रेष्ठ र कार्यक्रम सञ्चालन वडा कमिटिका सचिव जगदिश खनालले गरेका थिए।

# करोडौँको लागतमा बनेको स्वास्थ्यचौकी भवन प्रयोगविहीन

**पोखरापत्र संवाददाता**
**पर्वत, १५ चैत**

झण्डै रु दुई करोडको लागतमा बनेको सुविधासम्पन्न स्वास्थ्यचौकी भवन वर्षौंदेखि प्रयोगविहीन भएको छ।

पर्वतको फलेबास नगरपालिका-१ कार्कीनेटा स्वास्थ्यचौकीको सुविधासम्पन्न भवनबाट सेवा प्रवाह हुन सकेको छैन। जनशक्ति, बर्थिङ सेन्टर, गर्भवती जाँचलगायत सेवाका लागि आवश्यक उपकरणसमेत उपलब्ध भए पनि भवन प्रयोगविहीन भएको छ।

स्थानीयवासीको विरोध हुँदाहुँदै कमजोर भूबनोटमा निर्मित स्वास्थ्यचौकी भवन आसपासको जमिन भासिएका कारण राज्यको करोडौं रकम बेकामे भएको हो। खाल्टाथरमा निर्मित भवनसहित जमिन भासिने र पहिराले पुर्न थालेपछि स्वास्थ्यचौकी निर्माण सम्पन्न भएको दुई वर्ष बित्दा पनि सेवा सुरु हुन नसकेको हो। साढे एक तलाको नौकोठे भवन करिब तीन रोपनीमा बनेको छ। लामो समयदेखि पुरानो र जीर्ण भवनबाट सेवा दिँदै आएको स्वास्थ्यचौकी तत्कालीन द्वन्द्वकालीन संरचना निर्माणको सूचीमा निर्माण भएको थियो।

नयाँ भवन बनेपछि सेवा-सुविधासमेत थप हुने आशामा बसेका स्थानीयवासी सेवा नपाउँदा निराश भएका छन्। निर्माण सकिने समयमा भवनको बाहिरी बरन्डातर्फको भाग सबै भासिएको थियो। पुनःनिर्माण सम्पन्न भएपछि पनि सेवा सुरु हुने गरी कार्यालय सर्न सकेको छैन। स्वास्थ्यचौकीको नयाँ भवन निर्माण भएपछि गाउँका सुत्केरीलाई स्वास्थ्य संस्थामै ल्याउने गरी जनशक्ति र आवश्यक उपकरणको व्यवस्थापन गर्न सकिन्थ्यो। तर अहिले भइरहेको साँघुरो छाप्रोमा उपलब्ध उपकरण जडान गरेर सेवा दिन सक्ने अवस्था नरहेकाले त्यसै थन्क्याउनुपरेको स्वास्थ्यचौकीका इन्चार्ज शान्त अधिकारी बताउनुहुन्छ। "बस्ने ठाउँ छैन, ती उपकरण जडान गरेर सेवा विस्तार गर्ने धेरै परको कुरा भयो", उहाँले भन्नुभयो। बर्थिङ सेन्टरसहित सेवा विस्तार गर्न नयाँ भवनमा सर्ने अवस्था नभएपछि नगरपालिकासँग बजार क्षेत्रमा दुईवटा कोठा माग गरिएको उहाँले बताउनुभयो। उहाँका अनुसार स्वास्थ्यचौकीमा एक अधिकृतस्तरको सिनियर अहेब, एक स्टाफ नर्स, एक अनमी, दुई पाँचौं तहका स्वास्थ्य सहयोगी र एक कार्यालय सहयोगी कार्यरत छन्। दुईकोठे छाप्रोबाट सेवा दिनुपर्दा सबै कर्मचारी बस्ने कुर्चीसमेत अट्ने ठाउँ नभएको स्वास्थ्यकर्मीको गुनासो छ। विसं २०७४ वैशाखमा भवन निर्माण सुरु भएको थियो।त्यसअघिनैस्थानीयवासीले विरोध जनाएका थिए। धाँजा फाटेको र पहिलेदेखि निरन्तर पहिरो खसिरहेको जमिनमा भवन निर्माण गरिएको स्थानीयवासीको भनाइ छ। "हामीले धेरैपटक त्यहाँ हुँदैन भनेका थियौँ", स्थानीय एकनारायण श्रेष्ठले भन्नुभयो, "उतिबेला कुरा कसैले सुनेनन्, अहिले यो हालत भयो।" तत्कालीन दलीय संयन्त्रका नाममा कांग्रेस, एमाले र माओवादीका स्थानीय नेताले पहिराको जोखिम भएको जग्गा छनोट गर्दा अहिले करोडौं राज्यकोषको रकम दुरुपयोग भएको भूपेन्द्र पोखरेलले बताउनुभयो। "अलि पल्तिरको डाँडाबारीमा जग्गा हुँदाहुँदै केही व्यक्तिले स्वार्थ पूरा गर्न यहाँ बनाए, हामीले विरोध गरेकै हो", पोखरेलले भन्नुभयो, "ती व्यक्ति स्वार्थ पूरा भएपछि हराए, अहिले त्यसको मार हामी जनताले भोग्नुपरेको छ।"

स्वास्थ्यजस्तो गम्भीर विषयमा खेलवाड हुनु खेदजनक भएको स्थानीयवासीले बताएका छन्। भवन डिभिजन कार्यालय कास्कीमार्फत निर्मित उक्त भवन निर्माण सम्पन्न भएपछि पनि भवन संरक्षणकै लागि अरू लाखौं रकम खर्चिसकेको छ। एक प्राविधिकका अनुसार उक्त भवन आसपासको जग्गाकै कारण भवन जोगाउन तीनपटकसम्म लागत अनुमान गरी काम भइसकेको छ। भवन भएको स्थानको दुवैतर्फ कच्ची सडक र जमिनको भागसमेत कमजोर हुँदा पहिरो खस्ने र धस्सिने क्रम रोकिएको छैन।

# सर्वोच्च अदालतको न्यायाधीशमा श्रेष्ठ नियुक्त

**रासस**
**काठमाडौं, १५ चैत**

राष्ट्रपति विद्यादेवी भण्डारीले न्याय परिषद्को सिफारिसमा तिलप्रसाद श्रेष्ठलाई मंगलबार सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गर्नुभएको छ।

श्रेष्ठ हालसम्म उच्च अदालत, विराटनगरका मुख्य न्यायाधीश हुनुहुन्थ्यो।

नेपालको संविधानको धारा १२९ को २ बमोजिम श्रेष्ठलाई मंगलबार नियुक्त गरिएको राष्ट्रपतिको कार्यालयले जनाएको छ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ धुरपुरे घरवस्ती तथा रियालेखोला संरक्षण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : धुरपुरे घरबस्ती तथा रियालेखोला संरक्षण
उपभोक्ता समिति : धुरपुरे घरबस्ती तथा रियालेखोला संरक्षण उपभोक्ता समिति
योजना सम्झौता मिति : २०७८/०९/१९ गते
योजना सुरु मिति : २०७८/०९/२१ गते
योजना सम्पन्न मिति : २०७९/०१/३० गते
योजनाको कुल लागत : रु. ५,८८,२५०/-
महानगरपालिकाबाट प्राप्त : रु. ५,००,०००/-
उपभोक्ताबाट : रु. ८८,२५०/-

**उपभोक्ता समिति**
अध्यक्ष फणिन्द्र राज रेग्मी
उपाध्यक्ष रामचन्द्र पहारी
सचिव लक्ष्मी रेग्मी
कोषाध्यक्ष अन्जना रेग्मी
सदस्यहरु प्रकाश पौडेल, गुरुप्रसाद सुवेदी, गिता रेग्मी, अनिता कुमाल र हरि कुमाल

**धुरपुरे घरबस्ती तथा रियालेखोला संरक्षण उपभोक्ता समिति**
पोखरा-२१, कास्की

# नेपालको बाह्य सम्बन्ध १७५ देशमा विस्तार

रासस
काठमाडौं, १५ चैत

नेपालको बाह्य सम्बन्ध १७५ देशमा विस्तार भएको छ । नेपाल र गणतन्त्र दक्षिण सुडानबीच मंगलबार कूटनीतिक सम्बन्ध स्थापना भएसँगै नेपालसँग द्विपक्षीय कूटनीतिक सम्बन्ध कायम भएका देशको सङ्ख्या १७५ पुगेको छ ।

द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापना गर्नेसम्बन्धी संयुक्त विज्ञप्तिमा संयुक्त राष्ट्रसङ्घका लागि नेपालका राजदूत अमृतबहादुर राई र उक्त विश्व संस्थाका लागि गणतन्त्र दक्षिण सुडानका राजदूत अकुएई बोना मालवालले न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगमा सोमबार आयोजित संक्षिप्त समारोहमा हस्ताक्षर गर्नुभयो ।

दुवै राजदूतले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलाई दुई देशबीचको कूटनीतिक सम्बन्ध स्थापनाबारे जानकारी गराउने संयुक्त पत्रमा पनि हस्ताक्षर गर्नुभएको न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगले जनाएको छ ।

त्यस अवसरमा दुवै राजदूतले राष्ट्रिय तथा बहुपक्षीय परिवेशमा विशेषगरी संयुक्त राष्ट्रसङ्घका मञ्चहरूमा दुई देशको आपसी हितका लागि द्विपक्षीय सहयोगलाई सुदृढ पार्न साझा हितका विभिन्न विषयमा विचार आदान-प्रदान गर्नुभएको थियो । उहाँहरूले दक्षिण सुडानको चलिरहेको शान्ति प्रक्रियाको सन्दर्भमा द्वन्द्वबाट शान्तितर्फको सङ्क्रमणकाललाई कसरी सफल बनाउन सकिन्छ भन्नेबारे पनि छलफल गर्नुभएको थियो ।

राजदूत राईले दक्षिण सुडानमा शान्ति स्थापना गर्न स्वदेशमा भएको शान्ति प्रक्रियामा आफ्नो अनुभव साझा गर्न नेपाल इच्छुक रहेको बताउनुभएको थियो । नेपालले दक्षिण सुडानमा संयुक्त राष्ट्रसङ्घीय शान्ति कार्यका लागि एक हजार ८०० नेपाली शान्ति सैनिक तैनाथ गरी दक्षिण सुडानको शान्ति र स्थायित्वका लागि योगदान पुऱ्याउँदै आएको छ ।

पूर्वी-मध्य अफ्रिकामा अवस्थित दक्षिण सुडान ९ जुलाई २०११ मा सुडानबाट स्वतन्त्र भएको हो । नेपाल र दक्षिण सुडान दुवै अल्पविकसित देशहरूको समूह, भूपरिवेष्टित विकासशील देशहरूका साथै समूह ७७ र चीनका सदस्य हुन् । दक्षिण सुडान १४ जुलाई २०११ मा संयुक्त राष्ट्रसङ्घको १९३औँ सदस्यका रूपमा सामेल भएको उक्त विश्व सङ्गठनको कान्छो सदस्य देश हो ।

# बुडुवाखोलामा पक्की पुल निर्माण सम्पन्न

पोखरापत्र संवाददाता
दमौली, १५ चैत

तनहुँको भीमाद नगरपालिका-३ स्थित बुडुवाखोलामा पक्की पुल निर्माण सम्पन्न भएको छ । गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत पक्की पुल निर्माण सम्पन्न भएको हो । विसं २०७७ पुस १३ गतेदेखि पुल निर्माणको काम सुरु भएको थियो ।

पुल निर्माणका लागि विसं २०७७ साउन २८ गते गणेश कुण्ड निर्माण सेवा नुवाकोटसँग सम्झौता भएको थियो । रु दुई करोड पाँच लाख ५७ हजार १४४ को लागतमा पुल निर्माणको काम सकिएको भिमाद नगरपालिकाका प्रमुख मेखबहादुर थापाले जानकारी दिनुभयो । १९.८ मिटर लामो पुलको चौडाइ छ मिटर रहेको छ । उक्त ठाउँमा पुल नहुँदा वर्षायाममा सर्वसाधारणलाई सास्ती हुँदै आएको थियो । पुल निर्माणपछि यस भेगका बासिन्दालाई वारपारमा सहयोग भएको पुल निर्माण उपभोक्ता समितिका अध्यक्ष पदम ठकुरीले बताउनुभयो । वर्षाका बेला यो खेला निकै ठूलो हुन्छ । खोला तर्न हालिएका फड्के पनि बगाउँदा स्थानीयवासी मर्कामा पर्दै आएका थिए । विद्यालय जाने विद्यार्थी, घाँस दाउरा र मेलामात गर्ने स्थानीयवासीलाई खोला तर्न समस्या हुँदै आएको थियो । वर्षौंदेखि मोटरेबल पुल बनाउन आवाज उठाउँदै आएका यहाँ स्थानीयवासीको माग गण्डकी प्रदेश सरकारले सम्बोधन गरिदिएको छ । वडाध्यक्ष भूपेन्द्रराज मल्लले यहाँ बनेको पुलले स्थानीयवासीको जीवनस्तरमा सुधार ल्याउने विश्वास व्यक्त गर्नुभयो । बाटो बने पनि पुल नहुँदा सवारी आउजाउमा समस्या भइरहेको बताउँदै पुल बनेपछि विकास र स्थायित्वको आवश्यकता पुष्टि भएको उहाँले बताउनुभयो ।

यसैबीच तनहुँको आँबुखैरेनी गाउँपालिका-२ को भवन निर्माण सुरु भएको छ । जनप्रतिनिधिको कार्यकाल सकिने अन्तिम चरणमा रहेका बेला बल्ल वडा कार्यालय भवन निर्माण सुरु भएको हो । उक्त भवनको गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले शिलान्यास गर्नुभयो । सो अवसरमा थापाले वडा कार्यालयको भवन नहुँदा सेवा प्रवाहमा असहजता भइरहेपनि भवन निर्माणपछि सहज हुने बताउनुभयो ।

गाउँपालिकामा जनप्रतिनिधि निर्वाचित भएर आएपछि गाउँपालिकाको प्रमुख प्रशासकीय भवन र अन्य वडा कार्यालयको भवन निर्माण सम्पन्न गरिसकिएको उहाँले बताउनुभयो । रु एक करोड २२ लाख ६४ हजार ५५६ को लागतमा वडा कार्यालय भवन निर्माण हुन लागेको हो । विसं २०७९ फागुनसम्म भवन निर्माण सम्पन्न गर्ने गरी भक्तपुरस्थित मायादेवी कन्स्ट्रक्शनले जिम्मा पाएको छ । दुई तलाको भवन निर्माण सम्पन्न भएपछि सेवा प्रवाहमा सहज हुने वडाध्यक्ष कटकहादुर थापाले बताउनुभयो । सामुदायिक भवनमा सञ्चालित वडा कार्यालय साँघुरो हुँदा सर्वसाधारणलाई सेवा दिन कठिन भइरहेको थियो । "एकैचोटि धेरै सेवाग्राही आउँदा बस्ने ठाउँ पनि हुँदैनथ्यो, सेवा प्रवाह दिन कठिन भइरहेको छ, नयाँ भवन बनेपछि सहजरूपमा सेवा दिन सक्छौँ", उहाँले भन्नुभयो ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा दुईवटा भवनको उद्घाटन गरिसकेको छ । प्रमुख प्रशासकीय अधिकृत गोपीकृष्ण अर्यालले पूर्वाधारयुक्त बनाउने उद्देश्यसहित सबै वडाका भवन निर्माणलाई प्राथमिकता दिइएको बताउनुभयो । स्थानीय तहमा जनप्रतिनिधि आएपछि वडा नं १, ४ र ५ को भवन निर्माण सम्पन्न भएको छ । वडा नं २ र ३ ले सामुदायिक भवनबाट सेवा प्रवाह गरिरहेका छन् ।

यद्यपि उक्त भवनको भाडा भने तिर्नुपर्दैन । वडा नं ६ को भवन पनि छिट्टै निर्माण गरिने गाउँपालिकाले जनाएको छ । गाउँपालिकाको प्रमुख प्रशासकीय भवनसमेत निर्माण सम्पन्न भएर सञ्चालनमा आइसकेको छ । रु तीन करोड ८ लाख ७७ हजार ४६६ को लागतमा भवन निर्माण सम्पन्न भएको हो ।

# असारे विकासको अन्त्य गर्दै तमानखोला

पोखरापत्र संवाददाता
बागलुङ, १५ चैत

कतिपय पालिकामा तेस्रो चौमासिक लागेपछि मात्रै योजना सम्झौता गर्ने र हतारहतार काम गेरर भुक्तानी लैजाने चलन छ । जिल्लाका विकासे कार्यालयमा पनि यो क्रम छ । तर, तमानखोलाले चालु वर्षका अधिकांश योजना सम्पन्न गरिसकेको छ ।

चालु आर्थिक वर्षको लागि सूचीकृत भएका ८३ योजनामध्ये तमानले १८ वटा फरफारक गरिसकेको छ भने ४७ को काम सकेको हो । बाँकी १७ योजना मात्रै निर्माणाधीन छन् । सडक, भवनलगायतका धेरै काम सकिएको इञ्जिनीयर अर्जुन यादवले बताउनुभयो । नेपाल सरकारको सशर्त अनुदानमा सञ्चालित हुने बोङ्गादोभान, बोङखानी ढोरपाटन सडक मात्रै बोलपत्र प्रक्रियामा पुगेको उहाँले बताउनुभयो । 'आफ्नो बजेटबाट गर्ने कामलाई हामीले कात्तिकमै बोलपत्र प्रक्रियाबाट टुङ्ग्याएका थियौँ', यादवले भन्नुभयो, "कतिपय योजना उपभोक्ता समितिमार्फत् गरिएकोले ती योजना पनि कात्तिक मङ्सिरमै सम्झौता गर्दै काम थाल्दै भएका थिए ।" चालु वर्ष सम्पन्न गर्नुपर्ने विद्यालयका भवन पूरा भएर भुक्तानी भइसकेको, ग्रामीण सडक मर्मतका काम पनि समयमा भएको अध्यक्ष जोकलाल बुढाले बताउनुभयो । "प्रदेश सरकारको रणनीतिक योजनामा समेटिएको एउटा सडकमा भने दोहोरोपन हुने भएर हामीले लगानी गरेनौँ, त्यही सडकमा बरु काम भएको छैन", बुढाले भन्नुभयो, "उपभोक्ता समितिबाट गरिने धेरै काम समयमा भएका छन् ।" निर्माण व्यवसायीमार्फत् गर्ने काममा भने ताकेता गर्नुपरेको उहाँले बताउनुभयो । तमान गाउँको विद्यालय खेलमैदान निर्माण, स-साना बस्तीसम्म पुग्ने ग्रामीण सडक समयमै बनेर अनुगमन पनि भएको हो । त्यस्तै बोङ्गादोभान खोलेस्वाङ मोटरबाटो मर्मत, बराहताल घेराबार, भयरबोङ्गादेखि खोलेस्वाङ जाने पहुँच सडक निर्माण सम्पन्न भएको हो । कृषि, पशुपालन, खानेपानीलगायतका योजनामा पनि नियमित काम भएको बुढाले बताउनुभयो ।

वडा नं ४ मा ५० लाखको लागतमा झोलुङ्गे पुल निर्माण भएको छ । बालबालिकालाई विद्यालय जान अप्ठ्यारो भएकोमा यो पुल बनेपछि सहज भएको वडाध्यक्ष उदिम छन्त्यालले बताउनुभयो ।

# मनाङमा स्थानीय तह निर्वाचनको तयारी तीव्र

पोखरापत्र संवाददाता
मनाङ, १५ चैत

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि हिमाली जिल्ला मनाङमा तयारी तीव्र पारिएको छ । निर्वाचनका लागि जिल्लामा २०० कर्मचारी खटाइने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

राष्ट्रिय दलको मान्यता नपाएका अन्य दल दर्तादेखि स्थानीय तहसँगको समन्वयमा मतदाता नामावली अद्यावधिकलगायत आवश्यक काम तीव्र गतिमा भइरहेको कार्यालयका निर्वाचन अधिकारी पुष्पराज शर्माले जानकारी दिनुभयो । निर्वाचन आयोगले जिल्ला अदालतका न्यायाधीश पुनाराम खनाललाई जिल्लाको मुख्य निर्वाचन अधिकृतको जिम्मेवारी तोकेको छ । आयोगले नार्सो गाउँपालिकाका लागि जिल्ला अदालतका स्रेस्तेदार तारादत्त बडू, नार्पाभूमि गाउँपालिकाका लागि सरकारी वकिल कार्यालयका दिनेशकुमार रेग्मी र डिस्याङ गाउँपालिकाका लागि सरकारी वकिल कार्यालयका केदारनाथ उपाध्यायलाई निर्वाचन अधिकृत तोकेको छ ।

दलहरूले चुनावी तयारी गरिरहँदा निर्वाचन कार्यालयले पनि आफ्ना काम अघि बढाएको छ । मुख्य निर्वाचन अधिकृत तोकिएसँगै निर्वाचनका लागि स्थानीय तहमा कार्यालय स्थापनादेखिका निर्वाचनका लागि आवश्यक तयारी भइरहेको उहाँले बताउनुभयो ।

निर्वाचन अधिकृतका लागि स्थानीय तहमा कार्यालय स्थापना गर्ने, फर्निचर, सिसी क्यामरा र इन्टर नेटजस्ता आवश्यक सुविधा मिलाउने कार्य भइरहेको छ । मतदान र मतगणनाको जानकारी आयोगमा श्रव्य र दृश्य दुवै माध्यमबा सम्प्रेषण गर्नुपर्ने भएकाले स्थानीय तहसँग समन्वय गरी आवश्यक कार्यहरू भइरहेको निर्वाचन अधिकारी शर्माले जानकारी दिनुभयो ।

उहाँका अनुसार स्थानीय तहको निर्वाचनका लागि जिल्लामा छ वटा मान्यता प्राप्त दलबाहेक थप पाँचवटा दल दर्ता भएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, नेकपा समाजवादी पार्टी, सामाजिक एकता पार्टी र उन्नत लोकतान्त्रिक पार्टी दर्ता भएका हुन । जिल्लामा नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत (समाजवादी), जनता समाजवादी र लोकतान्त्रिक समाजवादी राष्ट्रिय दलको मान्यता प्राप्त दलका रूपमा सक्रिय छन् । तीमध्येका अधिकांश दलले चुनावी अभियान थालिसकेका छन् । मुख्य दलहरू चुनावी अभियान लिएर गाउँका टोल-टोलमा पुग्न थालेका हुन् ।

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि मनाङमा २८ वटा मतदान केन्द्र निर्धारण गरिएको छ । जिल्लामा कूल छ हजार ४९६ मतदाता छन् । ती मतदातामध्ये तीन हजार ३४८ महिला र तीन हजार १४८ पुरुष मतदाता रहेको निर्वाचन कार्यालयले जनाएको छ । मनाङ देशभरको सबैभन्दा कम मतदाता रहेको जिल्ला हो । विकट र थोरै जनसङ्ख्या रहेको जिल्लामा माग भएको म्यादी प्रहरीभन्दा आधा कमको आवेदन परेको छ । निर्वाचनका निम्ति २५८ म्यादी प्रहरीको माग गरिएकामा तोकिएको समयसम्म १४८को मात्र आवेदन परेकाले माग पूर्ति नभएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार निर्वाचनका लागि विगतमा जस्तै छिमेकी जिल्लाबाट पनि सुरक्षाकर्मी सोधभर्ना गरी सुरक्षा दिइने गरिने जनाइएको छ ।

# निसीखोलामा पिकअप दुर्घटना, एकको मृत्यु

पोखरापत्र संवाददाता
बागलुङ, १५ चैत

बागलुङको निसीखोलामा पिकअप भ्यान दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । एक जना गम्भीर घाइते भएका छन् । निसीखोलाबाट ढोरपाटन नगरपालिकाको मुकाम बुर्तिबाङ बजारतर्फ आउँदै गरेको लु१च ९४८० नम्बरको पिकअप भ्यान निसीखोला गाउँपालिका-२ थारुखोलामा दुर्घटना भएको हो । दुर्घटनामा परी ढोरपाटन-१ का ऋतुवर्ण पौडेलको घटनास्थलमै मृत्यु भएको हो । उहाँ नेकपा एमाले ढोरपाटन नगरकमिटीका अध्यक्ष हुनुहुन्थ्यो ।

दुर्घटनामा परी रुपन्देही जिल्ला तिलोत्तमा नगरपालिकाका ३८ वर्षीय सुरेश थापा गम्भीर घाइते भएको प्रहरी नायब उपरीक्षक इकवाल हवारीले जानकारी दिनुभयो । पिकअप भ्यान सडकदेखि १५० मिटर तल खोलामा खसेको छ । घाइतेको उपचारका लागि धौलागिरि अस्पताल बागलुङ ल्याइँदै गरेको हवारीले बताउनुभयो ।

# खाद्यान्न र ज्यामी मजदूरको दरभाउ निर्धारण

रासस
गलेश्वर, १५ चैत

म्याग्दीको एक गाउँमा भेला भएका गाउँबासीले वर्षभरिका लागि खाद्यान्न र ज्यामी मजदूरको दरभाउ निर्धारण गर्ने र वर्षभरी सोही दरभाउमा खरिद बिक्री गर्ने चलन अझै छ ।

यदी कसैले गाउँभेलाबाट पारित भएको नियम उल्लङ्घन गेरर आँफूखुसी मूल्य निर्धारण गरी खरिद बिक्रि गर्छ भने गाउँलेहरूले कारबाही गर्ने गरेका छन् । उत्तरी म्याग्दीको रघुगङ्गा गाउँपलिका-४ मा पर्ने दर्मिजा गाउँ परम्परा, रीतिरिवाज र स्थानीयवासीको एकताका कारण व्यवस्थित गाउँको रूपमा परिचित छ । यही गाउँमा हरेक वर्षको माघेसङ्क्रान्तिका दिन गाउँलेको भेलाले अर्को वर्षको माघेसङ्क्रान्तिसम्मका लागि गाउँमा उत्पादित खाद्यान्न,ढुवानी भाडा र ज्यामी मजदूरको ज्याला निर्धारण गर्ने गर्दछ । गाउँ भेलाले पास गरेको उक्त निर्णय विपरीत गरेमा मनपरी गर्ने व्यक्तिलाई सामाजिक बहिष्कारसम्मको कारबाही हुनेगरेको रघुगङ्गा- ४ का अगुवा तबहादुर शेरपुर्जाले बताउनुभयो ।"यस वर्षको माघे सङ्क्रान्तिमा पनि गाउँलेको भेलाले दरभाउ र ज्याला मजदुरी गर्नेको पारिश्रमिक निर्धारण गरेको छ" वडा सदस्यसमेत रहनुभएका स्थानीय अगुवा धनबहादुर गर्बुजाले जानकारी दिनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ९ नयाँबजारमा रहेको महेन्द्र मा विको ग्राउण्ड पिसिसि गर्नका लागि पोखरा महानगरपालिका वडा नं. ९ वडा कार्यालयबाट विनियोजित रकमसंग सम्बन्धित ग्राउण्ड पिसिसि सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी र खर्चको विवरण सरोकारवालाको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।**

**आयोजनाको नामः महेन्द्र मा विको ग्राउण्ड पिसिसि गर्ने**
**आयोजनाको कुल लागतः** १२,५०,११४/९३
**आयोजनाको सम्झौता मितिः** २०७८/०८/२९
**आयोजना शुरु हुने मितिः** २०७८/०९/०८
**आयोजना सम्पन्न हुने मितिः** २०७८/१२/३०
**आयोजना सम्पन्न भएको मितिः** २०७८/१२/०५
**पोखरा मनपाबाट प्राप्त हुने रकम :** रु १०,००,०००/-
**विद्यालयको आन्तरीक स्रोतबाट :** रु २,५०,११४/९३
**अध्यक्ष : शिवराज बास्तोला (सम्पर्क नं. ९८५६०३१४२१)**

**महेन्द्र मा वि भौतिक निर्माण समिति**
**पोखरा-९ कास्की**



## भावपूर्ण श्रद्धाञ्जली



जन्मः १९९० चैत्र ०४ गते
स्वर्गारोहणः २०७८ चैत्र ०४ गते

**स्व. भावीलक्ष्मी श्रेष्ठ**

यस मनकामना गुठी परिवारका सदस्य सचिव श्री अग्रिम श्रेष्ठ ज्यूको ममतामयी माता तथा सदस्य धिरज श्रेष्ठ ज्यूको अजी भावीलक्ष्मी श्रेष्ठ ज्यूको ८९ वर्षको उमेरमा असामयीक निधन भएको १३ औं दिनको पुण्य तिथिमा सम्पूर्ण शोक सन्तप्त परिवारजन तथा आफन्तहरुमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनि हामी भगवानसँग प्रार्थना गर्दछौं साथै स्वर्गीय आमाको आत्माको चिर शान्तिको कामना गर्दछौं ।

नायः पूर्ण बहादुर श्रेष्ठ
तथा
सम्पूर्ण मनकामना गुठी परिवार